## आठविसकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ३ मितिः २०८१/१०/२३

भागा-२

## आठविसकोट नगरपालिका

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन,को दफा को
उपदफा (३) बमोजिम आठविसकोट नगर सभाबाट स्वीकृत ऐनहरु सर्वधारणका लागि
स्थानीय राजपत्रमा प्रकाशन गरिएको छ ।

**आठविसकोट नगरपालिकाको**

**खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धमा ऐन, २०८१**

नगर सभा पेश भएको मिति :२०८१/१०/१३

नगर सभामा पारित भएको मितिः२०८१/१०/१४

प्रमाणिकरण मितिः २०८१/१०/१४

आठबिसकोट नगरपालिका रुकुम (पश्चिम)

## आठविसकोट नगरपालिका

# नगर कार्यपालिका कार्यालय

## आठविसकोट, रुकुम (पश्चिम)

## कर्णाली प्रदेश, नेपाल

## आठविसकोट नगरपालिकाको

# खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धमा ऐन, २०८१

**आठविसकोट नगरपालिका**

**रुकुम (पश्चिम)**

आठविसकोट नगरपालिका रुकुम (पश्चिम)

# आठविसकोट नगरपालिकाको
# खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धमा ऐन, २०८१

**प्रस्तावना:** स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवामा पहुँच प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्तिका लागि सहज र दिगो रुपमा स्वच्छ तथा गुणस्तरीय खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सेवा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम यस आठबिसकोट नगरपालिका सभाको १७ औं अधिवेशनबाट यो ऐनको तर्जुमा गर्नको लागि यो विधेयक प्रस्तुत गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**:(१) यस ऐनको नाम आठबिसकोट नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८१ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुमतिपत्र" भन्नाले दफा २७ बमोजिमको अनुमतिपत्र सम्झनु पर्दछ।

(ख) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने संगठित संस्था सम्झनु पर्दछ।

(ग) "आयोजना" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत्सम्बन्धी अन्य कार्य गर्ने उद्देश्यले सञ्चालित आयोजना सम्झनु पर्दछ।

(घ) "उपभोक्ता" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा उपयोग गने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्दछ।

आठविसकोट नगरपालिका रुकुम (पश्चिम)

(ङ) "उपभोक्ता संस्था" भन्नाले सामुदायिक रुपमा सामूहिक हितका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा सञ्चालन गर्ने सामुदायिक संस्था सम्झनु पर्दछ ।

(च) "खानेपानी, उपभोक्ता तथा सरसफाइ समिति" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा उपयोग गर्ने उपभोक्ता घरधुरी सदस्यहरुले उपभोक्ता संस्थाको रुपमा रहेको सामुदायिक संस्थाको विधान बमोजिम साधारण सभा वा अधिवेशनबाट गठन हुने समितिलाई जनाउँदछ ।

(छ) "खानेपानी सेवा" भन्नाले तोकिएको मापदण्ड अनुरुप खानेपानीको सञ्चय, स्थानान्तरण तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ती गर्ने कार्य सम्झनु पर्दछ र सो शब्दले थोक, ट्याङ्कर वा बोतलबन्दी रुपमा खानेपानी उपलव्ध गराउने कार्यलाई समेत जनाउँछ ।

(ज) "खानेपानीको सार्वजनिक उपयोग" भन्नाले सार्वजनिक रुपमा जडान भएका धाराबाट उपभोक्ताको लागि वितरण हुने खानेपानीको उपयोग सम्झनु पर्दछ र सो शब्दले अग्नी नियन्त्रण लगायत अत्यावश्यक अवस्थामा सार्वजनिक स्थानहरूमा प्रयोग गर्ने खानेपानीको उपयोगलाई समेत जनाउँछ ।

(झ) "खानेपानीको संस्थागत उपयोग" भन्नाले सरकारी, सार्वजनिक, व्यावसायिक वा व्यापारिक संस्थाहरुले प्रयोग गर्ने खानेपानीको उपयोग सम्झनु पर्दछ र सो शब्दले औद्योगिक संस्थाहरुले औद्योगिक प्रयोजन बाहेकका लागि उपयोग गर्ने खानेपानी समेतलाई जनाउँछ ।

(ञ) "खानेपानी" भन्नाले मानव तथा पशु स्वास्थ्यका लागि हानिकारक तत्व नभएको गुणस्तरयुक्त स्वच्छ खानेपानी सम्झनु पर्दछ र सो शब्दले मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक, जैवीक र रसायनिक पदार्थहरु नरहेको पानी समेतलाई जनाउँदछ ।

आठविसकोट नगरपालिका रुकुम (पश्चिम)

(ट) "नगरपालिका" भन्नाले आठबिसकोट नगरपालिका सम्झनु पर्दछ।

(ठ) "घरेलु उपयोग" भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसाबारी, शौचालय वा यस्तै अन्य व्याक्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनु पर्दछ ।"पानीको बहु-उपयोग" भन्नाले पानीको घरेलु उपयोग संगै उत्पादन मुलक कार्यमा पानीको प्रयोग तरकारी खेति, माछा पालन, सूक्ष्म-सिंचाई, पशुपन्छी पालन लागि प्रयोग गरिने पानीको उपयोग सम्झनु पर्दछ ।

(ड) "पानीको बहु-उपयोग" भन्नाले पानीको घरेलु उपयोग संगै उत्पादन मुलक कार्यमा पानीको प्रयोग तरकारी खेति, माछा पालन, सूक्ष्म-सिंचाई, पशुपन्छी पालन लागि प्रयोग गरिने पानीको उपयोग सम्झनु पर्दछ।

(ढ) "ढल निकास" भन्नाले मानव मलमूत्र सहित वा रहित फोहोर पानीलाई सतही वा भूमिगत ढल प्रणाली वा अन्य कुनै सुरक्षित तरिकाबाट संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनु पर्दछ।

(ण) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आठबिसकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(त) "पानीको स्रोत" भन्नाले प्राकृतिक रुपमा पानी निसृत हुने नदी, खोला, ताल, पोखरी, इनार, कुवा तथा मूल जस्ता सतही वा भूमिगत जलस्रोत सम्झनु पर्छ र सो शब्दले आकाशे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचनालाई समेत जनाउँछ।

(थ) "फोहोरपानी" भन्नाले खानेपानीको घरेलु, सार्वजनिक तथा संस्थागत उपयोग पश्चात निष्काशन हुने मानव मलमूत्र सहित वा रहितको फोहोरपानी सम्झनु पर्दछ र सो शब्दले फोहोरपानीसँग मिसिएर आउने वर्षातको पानीलाई समेत जनाउँछ।

(द) "मन्त्रालय" भन्नाले स्थानीय तह हेर्ने नेपाल सरकारको संघीय वा प्रादेशिक मन्त्रालय सम्झनु पर्दछ।

(ध) "शौचालय" भन्नाले मानव मलमूत्र सुरक्षित रुपमा मानव सम्पर्कबाट अलग गर्ने सुविधा सहितको संरचनालाई जनाउँदछ ।

(न) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्दछ ।

(ऩ) "सरसफाइ सेवा" भन्नाले फोहोर पानी व्यवस्थापन तथा ढल निकास गरी वातावरणीय स्वच्छता कायम राख्ने कार्य सम्झनु पर्दछ र सो शब्दले पानीको स्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, फोहोर पानी प्रशोधन प्रणाली तथा सार्वजनिक शौचालयको निर्माण, सञ्चालन तथा प्रवद्र्धन गर्ने कार्यलाई समेत जनाउँदछ ।

(प) "सेवा प्रणाली" भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जल भण्डारण संरचना, जलाशय वा सरसफाइ सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्दछ र सो शब्दले खानेपानी तथा सरसफाइ सेवासँग आवद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउँछ ।

(फ) "सेवा प्रदायक" भन्नाले खानेपानी सेवा, सरसफाइ सेवा र स्वच्छता सम्बन्धी सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा उपलब्ध गराउने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्दछ ।

(ब) "सेवा क्षेत्र" भन्नाले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि निर्धारण गरिएको वा अनुमातिपत्रमा उल्लेख गरिएको क्षेत्र सम्झनु पर्दछ ।

(भ) "संगठित संस्था" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा सञ्चालन गर्नको लागि यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएका खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थालाई

आठबिसकोट नगरपालिका रुकुम (पश्चिम)

जनाउँदछ र सो शब्दले प्रचलित कानून बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने उद्देश्यले स्थापना भएका अन्य संस्था समेतलाई जनाउँछ।

(म) "स्वच्छता" भन्नाले नियमित रुपमा शौचालयको प्रयोग गर्ने, नियमित रुपमा साबुन पानीले हात धुने, घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण गर्ने, व्यक्तिगत सरसफाइ कायम गर्ने र घर भित्र र बाहिरका तरल र ठोस फोहोर मैलाको उचित व्यवस्थापन गरी पूर्ण स्वच्छता कायम गर्ने कार्यलाई समेत जनाउँदछ।

## परिच्छेद २

## खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार

३. **खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार**: (१) यस नगरपालिकामा रहेका प्रत्येक नागरिकलाई विना भेदभाव स्वच्छ, सुरक्षित र प्रर्याप्त खानेपानी तथा सरसफाइमा सहज र सुलभ पहुँचको अधिकार हुनेछ।

(२) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन, परिपूर्ति र कार्यान्वयनका लागि नगरपालिकाले संघीय तथा प्रदेश सरकार, अन्य स्थानीय तह र विकास साझेदार संस्थासँगको समन्वय, साझेदारी तथा सहकार्यमा कार्य गर्नेछ।

४. **खानेपानीका स्रोत माथिको अधिकार**: (१) नगरपालिका भित्र रहेका खानेपानीका स्रोतहरुको सदुपयोग र संरक्षण गर्ने अधिकार नगरपालिकाको हुनेछ।

(२) नगरपालिकामा जलस्रोतको उपयोग गर्दा खानेपानीलाई पहिलो प्राथमिकता प्रदान गरिने छ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि घरेलु उपयोगका लागि पानीको उपयुक्त परिमाणको व्यवस्था गरेर मात्र जलस्रोतको उपयोगसँग सम्बन्धित सिंचाई, जलविद्युत जस्ता आयोजना र अन्य प्रयोजनको लागि प्रयोग गर्नु पर्नेछ।

(४) यस ऐन तथा प्रचलित कानून बमोजिम कुनै उपभोक्ता संस्था वा समुदायले सामुदायिक हित हुनेगरी परम्परागत रुपमा वा उपभोक्ता संस्थाका माध्यमबाट घरेलु, सार्वजनिक र संस्थागत प्रयोजनका लागि उपयोग गदै आएको खानेपानीको परिमाण बराबरको जलस्रोतमा सोही प्रयोजनको लागि त्यस्तो उपभोक्ता संस्था वा समुदायको अधिकार सुरक्षित रहनेछ।

आठबिसकोट नगरपालिका रुकुम (पश्चिम)

५.	**<u>पानीको स्रोत तथा मुहानको संरक्षण</u>**: (१) खानेपानी तथा सरसफाइमा योगदानका लागि खानेपानीका मुहान तथा स्रोत संरक्षण गर्नु सबै नागरिक, स्थानीय समुदाय, संघ संस्था र निकायको कर्तव्य हुनेछ।

(२) नगरपालिकामा रहेका खानेपानीको स्रोत तथा मुहानको संरक्षणका लागि नगरपालिका र सम्बन्धित उपभोक्ता संस्थाको समन्वयमा देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछ:

(क) खानेपानीको स्रोत संरक्षणको लागि जलाधार, पानी निश्रृत भएर आउने मुलाधार, सिमसार र वन क्षेत्र संरक्षण गरी बाढी, पहिरो नियन्त्रण गर्ने,

(ख) खानेपानीको मूल वा मुहानलाई दिगो बनाई राख्न नियमित रुपमा मर्मत सम्भार र सरसफाइ गर्ने,

(ग) खानेपानीको स्रोतलाई प्रदुषण हुन नदिने र पानीको स्रोत नष्ट वा लोप हुनबाट बचाउने,

(घ) खानेपानीको संरक्षण र समुचित उपयोगका बारेमा खानेपानी उपभोक्ता वा सम्बन्धित पक्षहरुलाई सचेतना अभिवृद्धि गर्ने,

(ङ) खानेपानीको स्रोत प्रदूषण हुन नदिन तथा पानीको मूल वा वहाव क्षेत्रको संरक्षणका लागि जैविक खेती गर्न र चरीचरण तथा आगलागी नियन्त्रण गर्न कृषकहरुलाई प्रोत्साहन गर्ने,

(च) खानेपानीको मूहान वा वहाव क्षेत्र वा सो क्षेत्रका प्रणालीमा प्रतिकूल असर पर्नेगरी विषादी वा विष्फोटक पदार्थ प्रयोग गर्न बन्देज गर्ने,

(छ) खानेपानीको स्रोत र वहाव प्रणालीमा हुने प्रदुषण नियन्त्रणका लागि आवश्यक पर्ने अन्य कार्यहरु गर्ने,

(ज) पानीको श्रोत सुक्न नदिन श्रोत परिसरमा वस्ती विकास गर्न नदिई, श्रोत वरीपरि रुख रोपी हरियाली कायम गर्नु पर्नेछ र

(झ) पानीको स्रोत र मुहान संरक्षणका लागि अन्य आवश्यक कार्यहरु गर्ने।

आठविसकोट नगरपालिका रुकुम (पश्चिम)

(३) नगरपालिकामा रहेका उपभोक्ता संस्थाले अन्य छिमेकी स्थानीय तहको क्षेत्रमा रहेको मुहान वा स्रोतबाट खानेपानी ल्याएको भएमा त्यस्तो क्षेत्रको खानेपानीको मूहान तथा स्रोत संरक्षणका लागि सम्बन्धित स्थानीय तहसँग समन्वय गर्नुपर्नेछ।

(४) व्यापारिक तथा नाफा मूलक प्रयोजनका लागि खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो स्रोत साधन प्रयोग गरी उपदफा (२) बमोजिमका कार्यहरु गर्नु पर्नेछ।

६. **भूमिगत पानीको उपयोग**: (१) भूमिगत पानीको उपयोगका लागि नगरपालिकाले नेपाल सरकारले बनाएको मापदण्डको अधिनमा रहि आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको अधीनमा रही व्यक्ति, उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले भूमिगत पानीको उपयोग गर्न सक्नेछन्।

## परिच्छेद ३

## खानेपानी सेवाको व्यवस्थापन

७. **खानेपानी प्रणाली र सुबिधा स्तर**: (१) नगरपालिकाले खानेपानी तथा सरसफाइ सम्बन्धी आयोजना कार्यान्वयन गर्दा आयोजना स्थलका महत्वपुर्ण सार्वजिनक स्थल र कार्यालय सहित सम्भव भए सम्म एक घर एक धारा प्रणाली अवलम्बन गरिनेछ।

(२) नगरपालिकाले खानेपानी तथा सरसफाइ सम्बन्धी आयोजना कार्यान्वयन गर्दा स्थलगत आवश्यकता, उपभोक्ताहरुको चाहना र सम्भाव्यता हेरी “पानीको बहु-उपयोग” प्रणाली मार्फत खानेपानी तथा सरसफाइ र उत्पादनमुलक कार्य गरी आयआर्जन बृदि गर्न प्रोत्साहित गरिनेछ।

(३) नगरपालिकाले आफनो क्षेत्रमा रहेका उपभोक्ता संस्थाहरुले आपूर्ति गर्ने खानेपानीको सुविधा स्तर निर्धारण गर्न सक्नेछ र यस प्रयोजनका लागि उपभोक्ता र सरोकारवालाहरुसँग छलफल गरी आवश्यक सूचकहरु निर्धारण गर्न सक्नेछ।

८. **खानेपानी सेवाको संचालन तथा व्यवस्थापन**: (१) नगरपालिकाले खानेपानी तथा सरसफाइ सेवाको संचालन तथा व्यवस्थापन गर्दा आफै वा आफ्नो स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्था मार्फत गर्नु गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खानेपानी तथा सरसफाइ सेवाको, संचालन तथा व्यवस्थापनका लागि उपभोक्ता संस्थालाई प्राथमिकता दिइनेछ।

(३) सेवा प्रदायक संस्थाले खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्दा अनियमितता गरेको वा तोकिएबमोजिम खानेपानी तथा सरसफाइ सेवा उपलव्ध नगराएको पाईएमा त्यस्तो उपभोक्ता संस्थालाई उपयुक्त समय तोकि सुधारका लागि निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिमको निर्देशन तोकिएको समयभित्र सुधार नगर्ने सेवा प्रदायक संस्थाले सञ्चालन तथा व्यवस्थापन गरेका सेवा प्रणाली तथा संरचना नगरपालिकाले आफै वा अन्य कुनै सेवा प्रदायक संस्था मार्फत सञ्चालन तथा व्यवस्थापन गर्न गराउन सक्नेछ।

९. **खानेपानी तथा सरफाइ सेवा उपलब्ध गर्नु पर्ने**: (१) यस ऐन तथा प्रचलित कानून बमोजिम खानेपानी तथा सरसफाई सेवा उपलव्ध गराउन सेवा प्रदायकले आफ्नो सेवा क्षेत्र भित्रका खानेपानी उपभोक्ताहरुलाई नियमित र न्यायोचित रुपमा खानेपानी तथा सरसफाइ सेवा उपलव्ध गराउन आवश्यक व्यवस्था गर्नु पर्नेछ।

(२) आफ्नो सेवा क्षेत्रभित्र खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउँदा कुनै पनि आधारमा कुनै पनि प्रकारको भेदभाव गर्न पाइने छैन।

१०. **खानेपानी सेवाको आपुर्तिमा बाधा सृजना गर्न नहुने:** (१) कुनैपनि खानेपानी प्रणालीबाट उपलब्ध भएको खानेपानी सेवा कुनै कारणले प्रभावित हुने भएमा अर्को वैकल्पिक व्यवस्था नभएसम्म प्रभावित व्यक्ति, बस्ती, समुदाय र सामाजिक संस्थालाई सो खानेपानी प्रणालीबाट खानेपानी सेवा प्राप्त गर्ने अधिकार सुरक्षित रहनेछ।

(2) खानेपानी तथा सरसफाइ सेवासँग सम्बन्धित प्रणाली तथा संरचनालाई प्रतिकूल असर पर्ने गरी अन्य कुनै निकाय वा विकास परियोजनाले कुनै संरचना बनाउनु परेमा सम्बन्धित समुदायको परामर्श सहित नगरपालिकाबाट सहमति लिनु पर्नेछ।

(3) कुनै विकास परियोजना वा आयोजनाका कारण उपभोक्ता संस्थाद्वारा सञ्चालित वा परम्परागत रुपमा सञ्चालित खानेपानी आपूर्ति प्रणाली वा संरचनामा क्षति भएमा उक्त परियोजना वा आयोजनाले प्रभावित उपभोक्ता संस्थालाई न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउनुका साथै प्रभावित खानेपानी प्रणाली र संरचनाको मर्मत सम्भार समेत गर्नु पर्नेछ।

११. **सेवा बन्द गर्न सक्ने:** (१) दफा १० मा जेसुकै लेखिएको भएता पनि काबु बाहिरको परिस्थिति उत्पन्न भई खानेपानी सेवा प्रणालीबाट उपलव्ध गराइरहेको खानेपानीको गुणस्तर कायम रहन नसक्ने भएमा वा सेवाको स्तरमा असर पर्ने भएमा वा सेवा बन्द गर्नु पर्ने भएमा त्यस्तो सेवा सुचारु

हुन लाग्ने अनुमानित समय समेत उल्लेख गरी अनुमतिपत्र प्राप्त संस्थाले उपभोक्तालाई उपयुक्त माध्यमबाट सो कुराको पूर्व सूचना दिई खानेपानी सेवा बन्द गर्न सक्नेछ।

(२) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्रभित्र खानेपानी सेवा बन्द गरेमा त्यस्ता संस्थाले बैकल्पिक व्यवस्था गरी उपभोक्तालाई स्वच्छ खानेपानी उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्रभित्र उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था आफैले निर्धारण गरेको समय तालिका बमोजिम नियमित रुपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महसुल लिन पाउने छैन।

(४) निर्धारित समयमा शुल्क वा महसुल नबुझाउने वा सेवाको दुरुपयोग गर्ने वा सेवा उपयोग गर्दा पालना गर्नुपर्ने शर्तको उल्लघंन गर्ने उपभोक्ताको सेवा सम्बन्धित संस्थाले पूर्वसूचना दिई बन्द गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम सेवा बन्द गराएकोमा सम्बन्धित उपभोक्ताले शुल्क वा महसुल बुझाई सेवा सुचारु गरीदिन निवेदन दिएमा सम्बन्धित संस्थाले निर्धारण गरेको शुल्क लिई बन्द भएको सेवा पूनः सुचारु गरीदिनु पर्नेछ र उपभोक्ताको कारणले कुनै हानी नोक्सानी भएको पाइएमा सम्बन्धित उपभोक्ताबाट त्यस्तो हानी नोक्सानी भएको रकम भराई लिन सक्नेछ।

१२. **धारा तथा मिटर जडान**: (१) यस ऐन बमोजिम खानेपानी सेवा प्राप्त गर्न चाहने उपभोक्तले धारा तथा मिटर जडानको लागि सम्बन्धित सेवा क्षेत्रको उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था समक्ष निवेदन दिनु पर्नेछ

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले निर्धारित शुल्क लिई समयमा नै धारा तथा मिटर जडान गरीदिनु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखएको भएतापनि कुनै प्राविधिक कारणले कुनै सेवा क्षेत्र भित्रका धाराहरुमा मिटर जडान गर्न उपयुक्त नहुने भएमा अन्य उपयुक्त व्यवस्था गरी खानेपानी सेवा उपलव्ध गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम खानेपानी सेवा उपलब्ध गराउदा समेत सम्बन्धित सेवा प्रदायकले उपयुक्त शुल्क निर्धारण गर्न सक्नेछ।

**१३. उपयोग पश्चात पानीको व्यवस्थापन**: (१) खानेपानीको प्रयोजनका लागि निर्माण गरिएका कुनै पनि प्रकारका धाराहरुबाट पानी प्रयोग पश्चात खेर जाने पानीको उपयुक्त व्यवस्थापन गर्नु पर्नेछ।

(२) खेर जाने पानीको व्यवस्थापनका लागि ढल निकास सेवा सञ्चालन गर्दा निर्धारित दरमा ढल निकास सेवा शुल्क लिन सकिनेछ।

**१४. निजी वा सार्वजनिक जग्गामा पाइप विच्छयाउन वा अन्य संरचना बनाउन सक्ने** : (१) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले उपभोक्तालाई खानेपानी सेवा उपलव्ध गराउने प्रयोजनको लागि प्रचलित कानून बमोजिमको प्रकृया पूरा गरी निजी वा सार्वजनिक जग्गामा खानेपानी तथा ढल निकासको पाइप बिच्छयाउन वा अन्य संरचना बनाउन सक्नेछ।

(२) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले कुनै व्याक्तिको निजी जग्गामा पाईप बिच्छयाउन वा कुनै संरचना बनाउनु परेमा सम्बन्धित जग्गाधनीसँग सहमति लिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निजी जग्गा प्राप्त गर्न नसकेमा वा जग्गा प्राप्त गर्न सम्भव नभएमा उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले प्रचलित कानून बमोजिम त्यस्तो जग्गा प्राप्त गर्नको लागि नगरपालिका समक्ष अनुरोध गर्न सक्नेछ।

(४) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा, आयोजना वा सेवा प्रणाली निर्माण तथा सञ्चालनका लागि विच्छयाएको पाईप वा निर्माण गरेको संरचनाका कारण कसैको निजी सम्पत्ति हानी नोक्सानी हुन गएमा त्यस्तो संस्थाले सोको उचित मुआब्जा वा क्षतिपूर्ति दिनु पर्नेछ।

**१५. घर जग्गामा प्रवेश गर्न सक्ने**: (१) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था वा यस ऐन बमोजिमको कामको सिलसिलामा खटिएको संस्थाको पदाधिकारी वा नगरपालिकाको पदाधिकारी वा कुनै सरकारी कर्मचारी कुनै व्यक्तिको घर जग्गामा प्रवेश गर्नुपर्ने भएमा सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिई त्यस्तो घरजग्गामा प्रवेश गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्तिले खानेपानी सेवाको दुरुपयोग वा सेवाको अनाधिकृत उपयोग गरिरहेको छ भन्ने शङ्का गर्नुपर्ने पर्याप्त आधार र कारण भएमा सोको लागि सूर्योदय देखि सूर्यास्त नभएसम्मको समयमा पूर्वसूचना नदिई पनि त्यस्तो व्यक्तिको घरजग्गामा प्रवेश गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्यमा संलग्न व्यक्तिले सम्बन्धित घरजग्गाधनीको कुनै पनि सम्पत्तिमा हानी नोक्सानी पुग्ने कार्य गर्नु हुदैन ।

तर त्यस्तो कार्यमा संलग्न व्याक्तिले कुनै हानी नोक्सानी गरेको पाइएमा संस्थाले सम्बन्धित व्यक्तिलाई न्यायोचित क्षतिपूर्ति दिनु पर्नेछ ।

१६. **<u>सेवा प्रणालीसँग सम्बन्धित संरचनाको सुरक्षा</u>**: (१) खानेपानी तथा सरसफाइ आयोजना वा सेवा प्रणालीको सुरक्षाको लागि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाको लिखित अनुरोधमा वा त्यस्तो प्रणालीको सुरक्षा गर्न आवश्यक भएमा नगरपालिका आफैले वा संघ तथा प्रदेशसंग समन्वय गरी आवश्यक सुरक्षा व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त संस्थाको अनुरोधमा सुरक्षा व्यवस्था गरिएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च सोही अनुमतिपत्र प्राप्त संस्थाले व्यहोर्नु पर्नेछ ।

१७. **<u>खानेपानी आयोजना र संरचनाको हस्तान्तण</u>**: (१) यस नगरपालिकामा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले  विकास र निर्माण गरेका खानेपानी तथा सरसफाइ आयोजना र सो सम्बन्धी संरचनाहरुको दिगो सञ्चालन व्यवस्थापनका लागि खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको रुपमा रहेका उपभोक्ता संस्था वा आफ्नो स्वमित्व वा नियन्त्रणमा रहेका संगठित संस्थालाई सञ्चालन तथा व्यवस्थापन सम्झौता गरी हस्तान्तरण गर्न सकिने छ ।

(२) व्यावसायिक तथा व्यापारिक प्रयोजनका लागि संगठित संस्थाले सञ्चालन गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोको संरचनाहरु उक्त संगठित संस्थाले पाएको अनुमतिपत्रको अवधी सकिएपछि वा अनुमतिपत्र खारेज भइ नगरपालिकालाई हस्तान्तरण गरिएका आयोजना र सोको संरचनाहरु उपदफा (१) बमोजिम हस्तान्तरण गर्न सकिने छ ।

(३) आयोजना हस्तान्तरण गर्दा आयोजनाको दिगोपन तथा खानेपानी तथा सरसफाइ सेवाको निरन्तरताको सुनिश्चितताका लागि सञ्चालन व्यवस्थापन शर्त, सेवा प्रदायक संस्थाको काम, कर्तव्य, अधिकार, जिम्मेवारी तथा कार्य सम्पादन सूचकहरु उल्लेख गरि सञ्चालन तथा व्यवस्थापन संझौता गरिनेछ ।

## परिच्छेद ४

## <u>सरसफाइ तथा स्वच्छता</u>

**१८. शौचालय बनाउनु पर्ने** : (१) नगरपालिका क्षेत्रका सबै घर परिवार, सार्वजनिक सेवा प्रदायक कार्यालय, बिद्यालय, व्यवसाय संचालकले अनिवार्य रुपमा सुरक्षित शौचालय बनाउनु पर्नेछ।

(२) मेला तथा हाट बजार लाग्ने स्थलमा सोको संचालन तथा व्यवस्थापन गर्ने निकायले सार्वजनिक शौचालयको व्यवस्था गर्नु पर्नेछ।

(३) नगरपालिकाले कार्यालय तथा विद्यालयको शौचालय र सार्वजनिक शौचालयको संचालन तथा व्यवस्थापनको मापदण्ड र कार्यबिधि बनाई लागु गर्नेछ।

(४) यस दफा बमोजिम घरायसी शौचालय निर्माण गर्न नसक्ने विपन्न परिवारका लागि नगरपालिकाले अनुदानको व्यवस्था गर्न सक्नेछ।

(५) नगरपालिकाले शौचालयको पहुँच र गुणस्तर सुनिश्चित गर्न शौचालय सम्बन्धी मापदण्ड बनाई लागु गर्नेछ।

(६) यस दफा बमोजिम शौचालयको निर्माण गर्दा प्रयोगकर्ता मैत्री भएको सुनिश्चित गर्नु पर्नेछ।

**१९. महिनावारी स्वच्छता कायम गर्ने :** (१) महिनावारी भएको अवस्थामा प्रत्येक घरपरिवारले सुरक्षित आवास र सरसफाइ तथा स्वच्छतामा पहुँचको सुनिश्चित गर्नु पर्नेछ।

(२) हरेक संस्थागत शौचालयमा अनिवार्य सेनिटरी प्याडको उपलब्धता सहित सोको सुरक्षित विसर्जन गर्ने व्यवस्था भएको महिलाका लागि छुट्टै शौचालयको व्यवस्थापन गर्नु पर्नेछ।

(३) बिद्यालय समयमा छात्रा तथा महिला शिक्षकको लागि निशुल्क सेनिटरी प्याडको व्यवस्था गर्नु पर्नेछ।

(४) कुनैपनि व्यक्ति तथा संस्थाले महिनाबारी भएको समयमा शौचालयको प्रयोग गर्न बन्देज गर्न पाइने छैन। मर्यादित महिनावारी व्यवस्थापन कार्यविधि तयार गरी लागु गरिने छ।

(५) मर्यादित महिनावारी व्यवस्थापन कार्यविधि तयार गरी लागु गरिने छ।

**२०. खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गर्ने** : नगरपालिकाले समग्र नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गरी कार्यान्वयन गर्नेछ र यस्तो योजना तयार गर्दा सबैको सहभागिता तथा आबश्यकताको सुनिश्चितता गरिनेछ।

**परिच्छेद ५**

आठबिसकोट नगरपालिका रुकुम (पश्चिम)

## फोहरमैला व्यवस्थापन

**२१. फोहोरमैला व्यवस्थापन गर्ने दायित्व** :(१) नगरपालिका क्षेत्रको फोहोरमैला व्यवस्थापन गर्ने गराउने दायित्व नगरपालिकाको हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला, रासायनिक फोहोरमैला वा औद्योगिक फोहोरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ।

(३) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला, रासायनिक फोहोरमैला तथा औद्योगिक फोहोरमैला प्रशोधन गरी बाँकी रहेको फोहोरमैला तथा अन्य फोहोरमैलाको व्यवस्थापन गरि दिन नगरपालिकालाई अनुरोध गरेमा वा नगरपालिकाले निर्माण गरेको फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा नगरपालिकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहोरमैलाको व्यवस्थापन गरि दिन वा फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ।

(४) यस दफा बमोजिमको फोहोरमैला व्यवस्थापनका लागि नगरपालिकाले छुट्टै कार्यबिधि बनाई कार्यान्वयन गर्नेछ।

**२२. मानव मलमूत्रीय फोहोर व्यवस्थापन गर्ने दायित्व :** (१) यस ऐन बमोजिम मानव मलमूत्रीय फोहोर व्यवस्थापन गर्ने दायित्व नगरपालिकाको हुनेछ।

(२) कसैले पनि नगरपालिकाबाट अनुमति नलिइ पिट र सेप्टिक ट्यांकी जस्ता संकलन ट्यांकीबाट दिसाजन्य लेदो खाली गर्ने, सङ्कलन गर्ने वा ढुवानी सम्बन्धी व्यवसायिक वा व्यापारिक रुपमा सेवा प्रदान गर्न हुदैन।

(३) नगरपालिकाले पिट र सेप्टिक ट्यांकी जस्ता संकलन ट्यांकीबाट दिसाजन्य लेदो खाली गर्न, सेप्टिक संकलन वा ढुवानी सम्बन्धी सेवा व्यवसायिक वा व्यापारिक रुपमा प्रदान गर्न निजी क्षेत्रको सेवा प्रदायकलाई अनुमति प्रदान गर्न सक्नेछ।

(४) मानव मलमूत्रीय फोहोर व्यवस्थापन सम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ
।

आठबिसकोट नगरपालिका रुकुम (पश्चिम)

## परिच्छेद ६

## महसुल तथा सेवा शुल्क सम्बन्धी व्यवस्था

२३. **खानेपानी तथा सरसफाइ महसुल निर्धारण:** (१) खानेपानी उपभोक्ता तथा सरसफाई समितिको रुपमा रहेका उपभोक्ता संस्थाले उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल सम्बन्धित उपभोक्ता संस्थाको साधारण सभाले तोके बमोजिम हुनेछ ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताहरुको योगदान, उपभोक्ताको बृहत हित, उपभोक्ताको क्रयशक्ति, नेपाल सरकार र प्रदेश सरकारको नीति, नगरपालिकाको नीति र खानेपानी तथा सरसफाइमा पहुँचको हकसम्बन्धी मौलिक हकलाई समेत आधार मान्नु पर्नेछ ।

(३) नगरपालिकाले आफनो क्षेत्रभित्र रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले उपदफा (२) बमोजिमका सूचकहरुका आधारमा निर्धारण गर्ने खानेपानी महशुलमा सम्भव भएसम्म एकरुपता कायम राख्न वा व्यापक अन्तर हुन नदिनका लागि आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) अनुमतिपत्र प्राप्त संस्थाले व्यावसायिक तथा व्यापारिक र औद्योगिक प्रयोजनका लागि उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल नगरपालिकाले तोकेबमोजिम हुनेछ ।

२४. **अन्य शुल्क लिन सक्ने:** सेवा प्रदायक संस्थाले नगरपालिकाको स्वीकृति लिई महसुल बाहेक खानेपानी सेवाको व्यवस्थापनका लागि अन्य सेवा शुल्क लिन सक्नेछ ।

२५. **मिनाहा वा छुट दिन सक्ने :** कुनै दैबी प्रकोप वा अन्य कुनै विषम परिस्थितिका कारण कुनै खास क्षेत्रका उपभोक्ता, गरिव तथा विपन्न परिवार वा सिमान्तकृत परिवारले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले सञ्चालन तथा व्यवस्थापन गरेको खानेपानी सेवाको महसुल तिर्न असमर्थ भएमा त्यस्ता उपभोक्ताले तिर्नुपर्ने महसुल घटाउन वा मिनाहा दिन सक्नेछ ।

२६. **असुल उपर गर्न सक्ने :** यस ऐन बमोजिम खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा उपयोग गरे बापतको महसुल तथा जरिबानाको रकम नबुझाउने उपभोक्ताबाट सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो रकम प्रचलित कानून बमोजिम असुल उपर गर्न सक्नेछ ।

## परिच्छेद ७

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

२७. **अनुमतिपत्र लिनुपर्ने**: (१) यस नगरपालिकाको कुनै क्षेत्रमा कुनै कम्पनी वा उद्योग जस्ता व्यावसायिक संस्थाले नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको व्यवसायिक उपयोग गर्न चाहेमा तोकिएबमोजिम गाउँ कार्यपालिकाबाट अनुमतिपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक रुपमा सामूहिक प्रयोजनका लागि उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ आयोजनाको सर्वेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र उपभोक्ता संस्थाद्वारा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्न अनुमतिपत्र लिनुपर्ने छैन।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदनमा छानबिन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा प्रमुख प्रशासकीय अधिकृतले सो बमोजिमका कागजातहरु पेश गर्न वा स्पष्ट गर्न बढीमा पन्ध्र दिनको समय दिनु पर्नेछ।

२८. **अनुमतिपत्र दिनुपर्ने**: (१) दफा २७ बमोजिम परेको निवेदनमा नगरपालिकाले आवश्यक जाँचबुझ गर्दा आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषय भई अनुमतिपत्र दिन उपयुक्त देखिएमा त्यस्तो निवेदन परेको मितिले तीस दिनभित्र यस ऐन र अन्य प्रचलित कानून बमोजिमका शर्तहरु समेत उल्लेख गरी निवेदक संस्थालाई व्यापारिक, व्यावसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आपूर्ति गर्न अनुमतिपत्र दिनु पर्नेछ।

(२) उपदफा (२) बमोजिमको अनुमतिपत्र प्रदान गर्दा बढीमा पाँच वर्षका लागि मात्र प्रदान गर्न सकिने छ र सो अवधी पश्चात् नगरपालिकाले तोकेको दस्तुर बुझाई एक पटक मात्र अर्को पाँच वर्षका लागि अनुमतिपत्र नवीकरण गर्न सकिने छ।

(३) यो ऐन प्रारम्भ हुनु अगावै व्यवसायिक तथा औद्योगिक रुपमा खानेपानी उपयोग गरिरहेका संगठित संस्थाले यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्रमा यस ऐन तथा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी अनुमतिपत्र लिनु पर्नेछ।

२९. **अनुमतिपत्र प्रदान नगरिने**: (१) यस ऐन वा प्रचलित कानून बमोजिम उपभोक्ता संस्थादद्वारा सामुदायिक रुपमा खानेपानी तथा सरसफाइ सेवा प्रदान भइहेको क्षेत्रमा र व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न कुनै संगठित संस्थालाई

अनुमति प्रदान गरिएको बसोवास क्षेत्र वा औद्योगिक क्षेत्रमा अर्को कुनैपनि संगठित संस्थालाई सोही प्रयोजनका लागि अनुमतिपत्र प्रदान गरिने छैन।

(२) उपदफा (१) मा जुनसुकै व्यवस्था गरिएको भए तापनि अनुमतिपत्र प्राप्त संस्थाले सेवा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान नगरेमा वा नियमित रुपमा खानेपानी सेवा आपूर्ति नगरेमा वा माग अनुसारको खानेपानी सेवा आपूर्ति गर्न नसकेमा वा कुनै कारणले त्यस्तो संस्था विघटन भएमा वा अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र खारेज भएमा उक्त क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्नका लागि यस ऐनमा गरिएको व्यवस्था अनुसार अर्को संस्थालाई नयाँ अनुमतिपत्र प्रदान गर्न सकिने छ।

(३) उपभोक्ता संस्थाद्वारा सामुदायिक रुपमा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्नका लागि प्रयोग भइरहेको खानेपानीको स्रोतमा प्रतिकूल असर पर्ने गरी व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरिने छैन।

३०. **अनुमतिपत्र खारेज**: (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले यस ऐन नियम विपरितको कुनै काम गरेमा वा नियमित रुपमा खानेपानी तथा सरसफाइ सेवा उपलब्ध नगराएमा वा खानेपानी तथा सरसफाइ सेवा प्रदान गरे वापत अनुमतिपत्रमा उल्लेख गरिए भन्दा बढी शुल्क लिएमा वा अनुमत्रिपत्रमा उल्लिखित समयभित्र खानेपानी आयोजना वा सेवा प्रणालीको निर्माण तथा सञ्चालन र व्यवस्थापन नगरेमा गनगरपालिकाले अनुमतिपत्रमा उल्लेखित काममा आवश्यक सुधार गरी सेवा सञ्चालन गर्नका लागि अनुमतिपत्र प्राप्त संस्थालाई निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अवस्था विद्यमान भए नभएको कुरा पहिचान गर्नका लागि नगरपालिकाले अनुगमन समिति गठन गरी प्रतिवेदन तयार गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम दिइएको निर्देशन तथा आदेशको पालना नगरेमा नगरपालिकाले यस ऐन बमाजिम प्रदान गरेको अनुमतिपत्र खारेज गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई सात दिनको समय दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

**परिच्छेद ८**

आठबिसकोट नगरपालिका स्वच्छ (परिष्कृत)

## संरचनात्मक व्यवस्था

**३१. खानेपानी सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समितिको गठन :** (१) नगरपालिका स्तरमा देहाय बमोजिमको खानेपानी सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समिति रहनेछ।

(क) नगरपालिका नगरप्रमुख - अध्यक्ष

(ख) नगरपालिका नगरउपप्रमुख - सदस्य

(ग) खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) इकाई प्रमुख - सदस्य

(घ) नगरपालिका सिभिल इन्जीनियर एकजना - सदस्य

(ङ) विकास साझेदार संस्थाबाट एक जन प्रतिनिधि - सदस्य

(च) प्रमुख प्रशासकिय अधिकृत -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको व्यवस्थापन समितिमा बिषय बिज्ञ वा सम्बन्धित सरोकारवालाहरुलाई आमन्त्रित सदस्यका रुपमा सहभागी गराउन सकिनेछ।

(३) समितिको बैठकको कार्यविधि कार्य समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**३२. खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार:** खानेपानी सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछन् :

(क) नगरपालिकाको वास क्षेत्रको दीर्घकालीन योजना (आवधिक योजना), मध्यमकालिन योजना (वार्षिक योजना) तर्जुमा, समीक्षा तथा संशोधनका लागि नगरपालिकालाई आवश्यक सुझाव प्रदान गर्ने,

(ख) नगरपालिकाको लागि आवश्यक पर्ने नीति, कार्यविधि, निर्देशिका तथा नियमहरुको मस्यौदा निर्माणमा सहयोग गर्ने।

(ग) नगरपालिका स्तरीय खानेपानी तथा सरसफाइ योजना मर्मत सम्भार कोष स्थापना गरी सो कोषको संचालन कार्यबिधि तयार गर्ने।

(घ) खानेपानी तथा सरसफाइ योजना मर्मत सम्भार कोषमा विभिन्न दातृ निकायहरुलाई योगदान गर्न प्रोत्साहित गर्ने तथा कोषको उपयोगको

आठविसकोट नगरपालिका रुकुम (पश्चिम)

वार्षिक सार्वजनिक सुनुवाई तथा पारदर्शी सार्वजनिक सूचना जारी गर्ने व्यवस्था मिलाउने,

(ङ) खानेपानी सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रको निर्णय प्रकृयामा सहजताको लागि नगरपालिका क्षेत्रभित्र रहेका सबै खानेपानी तथा सरसफाइ योजनाहरुको, वार्षिक रुपमा बिवरण अद्यावधिक गर्ने गराउने,

(च) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुको कार्य सम्पादन मुल्यांकन गरी उत्कृष्ट कार्य सम्पादन गर्ने उपभोक्ता संस्थालाई पुरस्कार तथा प्रोत्साहन दिन नगरपालिकालाई सिफारिस दिने,

(छ) नगरपालिकाभित्र रहेका खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रसंग सम्बन्धित सरोकारवालाहरुको विवरण तयार पार्ने ।

**३३. खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) इकाईको व्यवस्था:** (१) खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समितिका निर्णयहरु कार्यान्वयन गर्न तथा समितिको सचिवालयको काम गर्न नगरपालिकामा एक खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) शाखा वा इकाई रहनेछ ।

(२) खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) शाखा वा इकाईमा नगरपालिकाले आवश्यक जनशक्तिको व्यवस्थापन गर्नेछ । नगर कार्यपालिकाको कार्यालयले वास शाखा वा इकाईमा काम गर्ने कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षाकोषको व्यवस्था गरी एकजना अधिकृत स्तरका कर्मचारी (वास) शाखा वा इकाई प्रमुख हुने गरी कम्तिमा एकजना प्राविधिक तथा एकजना सामाजिक कर्मचारी सहितको वास इकाईमा वार्षिक कार्यक्रम तथा बजेट बमोजिम करार सेवामा वा स्थायी/अस्थायी कर्मचारीहरु रहनेछन् ।

(३) खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) शाखा वा इकाईको भूमिका र जिम्मेवारी देहाय बमोजिम रहनेछ ।

(क) बार्षिक कार्यक्रममा स्वीकृत भएका खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन लगायतका कार्यक्रमहरु कार्यान्वयन गर्ने, समन्वय गर्ने तथा सेवा प्रदायकहरु, स्वयंसेवकहरु, बाल क्लवहरु, आमा

समूहहरु तथा सञ्जालहरुले गर्ने कार्यको सहजीकरण, सुपरिवेक्षण तथा अनुगमन गर्ने,

(ख) नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रको सूचना प्रणाली स्थापित गरी अद्यावधिक राख्ने तथा आवश्यकता बमोजिम निर्णय प्रकृयामा सहजीकरणको लागि समितिलाई सही सूचना उपलब्ध गराउने,

(ग) उपभोक्ता समितिहरुको सञ्चालन अवस्था, वडा कार्यालयबाट प्राप्त प्रतिवेदनहरु संग्रह गर्ने तथा सूचना प्रणाली अद्यावधिक गरी सो को प्रतिवेदन कार्ययोजना सहित समितिमा पेश गर्ने, प्रतिवेदन प्राप्त नभएका वडाहरुलाई ताकेता गरी प्रतिवेदन प्राप्त गर्ने,

(घ) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु गठन, पुनर्गठन, नगरकार्यपालिका कार्यालयमा दर्ता तथा नवीकरण कार्यको लागि आवश्यक सहजीकरण गर्ने,

(ङ) सबै खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने र उपभोक्ता समितिहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको मूल्यांकन गर्ने,

(च) सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा उत्कृष्ट खानेपानी तथा सरसफाइ योजनाहरु छनौट गरी पुरस्कृत गर्न गाउँ कार्यसमितिमा पेश गर्ने, मूल्यांकनमा कमजोर अंक प्राप्त गर्ने उपभोक्ता समितिहरुलाई समिति पुनर्गठन, व्यवस्थापन तालिम तथा अन्य उपायहरु मार्फत सक्रिय बनाउन सहजीकरण गर्ने,

(छ) विद्यमान खानेपानी तथा सरसफाइ योजनाहरुको आवधिक रुपमा अनुगमन तथा मूल्यांकन गर्ने पद्धति स्थापना गर्ने,

(ज) खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रको वार्षिक प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने,

(झ) आपतकालिन तथा ठूलो मर्मतको आवश्यकता अध्ययन गरी आर्थिक सहयोगको लागि समितिमा सिफारिस गर्ने,

(ञ) खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समितिले तोके बमोजिम खानेपानी तथा सरसफाइ योजनाहरुको दिगोपना व्यवस्थापन सम्बन्धि अन्य कृयाकलापहरुमा सहयोग तथा सञ्चालन गर्ने,

(ट) खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समितिको प्रशासनिक तथा अन्य अभिलेखकरण सहित समितिको सचिवालयको कार्य गर्ने ।

**३४. खानेपानी सेवा सहायता केन्द्र :** (१) नगरपालिकामा निर्माण सम्पन्न भएका खानेपानी प्रणालीहरुको नियमित मर्मत संभार र यसको दिगोपनासँग सम्बन्धित रही सेवाको सुचारुपनको सुनिश्चितताका लागि खानेपानी सेवा सहायता केन्द्र सँग आवद्ध रहनेछ ।

(२) उपदफा (१) बमोजिमको सेवा सहायता केन्द्रमा नगरपालिका क्षेत्रका तालिम प्राप्त मर्मत सम्भार कार्यक्रताहरु सुचिकृत गरी मर्मत सम्भार आवश्यक परेका क्षेत्रमा परिचालन गर्न सक्नेछ ।

(३) सेवा सहायता केन्द्रको व्यवस्थापन तथा परिचालन सम्बन्धी अन्य कार्यबिधि तोकिएबमोजिम हुनेछ ।

**३५. वडा कार्यालयहरुको भूमिका तथा जिम्मेवारी :** यस ऐनको कार्यान्वयनका लागि वडा कार्यालयको भूमिका तथा जिम्मेवारी देहायबमोजिम रहनेछ ।

(क) नगरपालिकाका वडा कार्यालयहरु उपभोक्ता समितिहरुको सम्पर्क विन्दूको रुपमा रहनेछन्,

(ख) सम्बन्धित उपभोक्ता संस्था वा सेवा प्रदायक निकायबाट खानेपानी तथा सरसफाइ योजनाको सञ्चालन तथा व्यवस्थापन अवस्थाको प्रतिवेदन माग गरि त्यसको अभिलेख व्यवस्थापन गर्ने,

(ग) नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) इकाईसँग समन्वय तथा सहकार्य गरी सबै उपभोक्ता समितिहरु दर्ता भएको र नगरपालिका स्तरीय सूचना प्रणालीमा आवद्ध भएको सुनिश्चित गर्ने,

(घ) वडा स्तरको खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धि तथ्यांक अध्यवधिक गरी नगरपालिकालाई उपलब्ध गराउने,

(ङ) उपभोक्ता समितिहरुले पेश गरेको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) विवरणको आधारमा आयोजना संचालनको अवस्था विश्लेषण गरी सो विवरण व्यवस्थापन समितिमा पेश गर्ने,

(च) वडाभित्रका खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार अवस्थाको नियमित रुपमा अनुगमन गर्ने ,

(छ) उपभोक्ता समितिहरुको बार्षिक साधारण सभा तथा बैठकहरुमा सहभागि भई आवश्यक मार्गनिर्देशन प्रदान गर्ने,

(ज) तोकिएका अन्य कार्य गर्ने ।

**३६. समिति गठन गर्न सकिने :** नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी योजनाको कार्यान्वयनका लागि नगरपालिका तथा वडा स्तरमा बिभिन्न समिति तथा उपसमिति हरु गठन गरी परिचालन गर्न सक्नेछ ।

**३७. खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाको गठन तथा दर्ता**: (१) नगरपालिकाको कुनै क्षेत्र वा बस्तीमा सामुदायिक हित र सामूहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गरी खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताहरूले खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था गठन गर्न सक्नेछन् ।

(२) खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था गठन नभएका क्षेत्रमा नगरपालिकाले उपभोक्ता संस्था गठनका लागि आवश्यक सहजीकरण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम गठन भएका उपभोक्ता संस्थाले दफा ४० बमोजिम विधान तयार गरी संस्था दर्ताका लागि नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश भएको विधान अनुसारको उपभोक्ता संस्था दर्ता गर्न सामाजिक, आर्थिक र प्राविधिक दृष्टिकोणले उपयुक्त देखिएमा प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको अधिकारीले विधान स्वीकृत गरी उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(५) कुनै एउटा खानेपानीको स्रोत उपयोगका लागि उपभोक्ता संस्था स्थापना भइसकेकोमा सोही खानेपानीको स्रोत प्रयोग गर्ने गरी अर्को उपभोक्ता संस्था दर्ता गर्न पाइने छैन ।

आठबिसकोट नगरपालिका रुकुम (पश्चिम)

(६) यो ऐन लागु हुनुपूर्व प्रचलित कानून बमोजिम जिल्ला जलस्रोत समिति वा विभिन्न निकायमा दर्ता भई सञ्चालन हुँदै आएका खानेपानी उपभोक्ता तथा सरसफाई संस्था/समूह/समितिहरु मध्ये प्रचलित संघीय र प्रदेश कानून बमोजिम यस नगरपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिमका खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था/समूह/समितिहरु यो ऐन लागु भएपश्चात् यस नगरपालिकामा आफ्नो साविक विधान र दर्ता प्रमाणपत्र पेश गरी उपभोक्ता संस्था दर्ता अद्यावधिक गर्नु पर्नेछ।

तर यस प्रयोजनका लागि नयाँ उपभोक्ता संस्था दर्ता गर्नुपर्ने छैन।

(७) उपभोक्ता संस्थाको दर्ता, संचालन र व्यवस्थापन सम्बन्धी अन्य व्यवस्थाहरु तोकिएबमोजिम हुनेछ।

३८. **नविकरण गर्न पर्ने :** दफा ३७ बमोजिम नगरपालिकामा दर्ता तथा अद्यावधिक भएका खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र देहायका कागजात सहित नविकरणका लागि नगरपालिका समक्ष निवेदन पेश गर्नुपर्नेछ।

(क) लेखा परीक्षण गरी सोको प्रतिवेदन

(ख) वार्षिक प्रगति प्रतिवेदन

(ग) साधारण सभा सम्पन्न गरी सोको निर्णय पुस्तिका

(घ) योजना अन्तर्गत रहेका बिभिन्न सम्पत्ति संरचनाहरुको अभिलेख

३९. **खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था सङ्गठित संस्था हुने**: (१) यस ऐन तथा प्रचलित कानून बमोजिम दर्ता भएका खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाको सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ।

(३) खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाले व्यक्ति सरह नालिस उजुर गर्न र उपभोक्ता संस्था उपर पनि सोही अनुसार नासिल उजुर लाग्न सक्नेछ।

अर्जुनचौपारी गाउँपालिका स्याङ्जा (गण्डकी)

**४०. उपभोक्ता संस्थाको विधान**: (१) उपभोक्ता संस्थाको विधानमा देहाय बमोजिमका व्यवस्थाहरु समावेश गर्नुपर्नेछ :

(क) उपभोक्ता संस्थाको नाम, ठेगाना, कार्यक्षेत्र र स्रोत

(ख) उपभोक्ता संस्थाको उद्देश्य र कार्यहरु

(ग) सदस्यता (सदस्य, सदस्यता शुल्क, सदस्यता शुल्क छुट, सदस्यता नहरने अवस्था आदि)

(घ) अधिवेशन, वार्षिक साधारण सभा, विशेष साधारण सभा र अधिवेशन तथा साधारण सभाका कार्यहरु

(ङ) कार्यसमितिको गठन र कार्यसमितिका काम, कर्तव्य र अधिकारहरु

(१) कार्यसमितिको संख्या कम्तीमा ७ र बढीमा १५ जनाको हुने,

(२) कार्य समितिका कम्तिमा मुख्य २ पदमा महिलाको सहभागिता सहित कार्यसमितिमा कम्तिमा ३३ प्रतिशत महिला सहभागिता अनिवार्य गर्नु पर्ने,

(३) कार्यसमितिमा समानुपतिक रुपमा समुदायका विभिन्न जातजाति तथा अपाङ्गता भएको व्यक्ति आदिको प्रतिनिधित्व हुनु पर्ने, र

(४) कार्य समितिको कार्यकाल बढिमा ४ बर्षको हुने ।

(च) कार्यसमितिको बैठक र कार्यविधि

(छ) पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारहरु

(ज) अविश्वासको प्रस्ताव

(झ) उपभोक्ता संस्थाको कोष, सेवा शुल्क र आर्थिक स्रोत संकलन तथा चल अचल सम्पत्ति व्यवस्थापन, लेखा परीक्षण

(ञ) निर्वाचन सम्बन्धी व्यवस्था

(ट) विविध (विधान संशोधन, संस्था विघटन, विनियम बनाउन सक्ने व्यवस्था आदि)

आठबिसकोट नगरपालिका रूकुम (पश्चिम)

(२) खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाको विधानमा स्थानीय आश्यकता र उपभोक्ता संस्थाले सञ्चालन गर्ने खानेपानी आयोजनाको प्रकृतिका आधारमा थप व्यवस्थाहरु समावेश गर्न सकिनेछ ।

**४१. उपभोक्ता संस्थाको क्षमता विकास र प्रोत्साहन :** (१) नगरपालिकाले आफै वा बिभिन्न विकास साझेदारहरुसँगको साझेदारी र समन्वयमा उपभोक्ता संस्थाको आन्तरीक सुशासन तथा व्यवस्थापन दक्षता बढाउनका लागि क्षमता अभिवृद्धिका अभिमुखीकरण, तालिम, गोष्ठी आदि कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

(२) उपभोक्ता संस्थाको कार्य सम्पादनको मुल्यांकनका आधारमा उपभोक्ता संस्थाको बर्गिकरण गरी उत्कृष्ठ संस्थालाई पुरस्कृत गरिनेछ ।

**४२. संस्थाहरु एक आपसमा गाँभिन वा अलग हुन सक्ने** : (१) खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको स्तर अभिवृद्धि एबम् दिगो सञ्चालनका लागि कुनै क्षेत्रमा रहेका खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाहरु एक आपसमा गाँभिन वा आवश्यकताका आधारमा अलग अलग हुन सक्ने छन् ।

(२) नगरपालिकाले कमजोर कार्य सम्पादन भएका तथा स-साना उपभोक्ता संस्थाहरुलाई एक आपसमा गाँभ्न तथा मिलान गर्न सक्नेछ ।

**४३. मर्मत संभार कार्यकर्ताको व्यवस्था** : हरेक अनुमति प्राप्त संस्थाले आयोजनाको नियमत मर्मत सम्भारका लागि कम्तीमा १ जना मर्मत सम्भार कार्यक्रताको व्यवस्थापन गर्नु पर्नेछ ।

**४४. मर्मत संभार कोषको व्यवस्थापन :** (१) हरेक उपभोक्ता संस्थाले आयोजनाको दिगो व्यवस्थापनका लागि एक मर्मत संम्भार कोषको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा रहने रकम तथा त्यस्तो कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था सम्बन्धित उपभोक्ता संस्थाले तोकेबमोजिम हुनेछ ।

(३) खानेपानी योजनामा गर्नु पर्ने नियमित स-साना मर्मत सम्भार कार्य उपभोक्ता संस्था आफैले गर्नु पर्नेछ । ठुला मर्मत तथा पुनर्निर्माणको लागि नगरपालिका, प्रदेश सरकार, संघीय सरकार तथा अन्य साझेदार संस्था मार्फत कोषको व्यवस्था गर्नु पर्नेछ ।

## परिच्छेद ९

## खानेपानी तथा सरसफाइको गुणस्तर मापदण्ड सम्बन्धी व्यवस्था

**४५. <u>गुणस्तर मापदण्ड तोक्न सक्ने</u>** : (१) खानेपानी तथा सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको सञ्चालन तथा व्यवस्थापनमा अवलम्बन गर्नुपर्ने गुणस्तर मापदण्डहरु नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछन्।

(२) नेपाल सरकारले निर्धारण गरेको न्यूनतम् मापदण्ड अन्तर्गत रही सो मापदण्डमा तोकेको गुणस्तरभन्दा न्यून नहुने गरी नगरपालिकाले आफ्नो क्षेत्रका लागि खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धमा आवश्यक मापदण्ड तोक्न सक्नेछ।

**४६. <u>गुणस्तर कायम गर्नु पर्ने</u> :** (१) उपभोक्ता संस्था र अनुमति-पत्र प्राप्त संस्थाले दफा ४५ बमोजिम तोकेको गुणस्तर र मापदण्डको पालना गर्नु पर्नेछ।

(२) अनुमति प्राप्त संस्थाले पानीको गुणस्तर कायम राख्न आवश्यकता अनुसार एक वा एक भन्दा बढि प्रविधिहरु अवलम्बन गरी प्रशोधन गर्नु पर्नेछ।

(३) उपभोक्ता संस्था र अनुमति-पत्र प्राप्त संस्थाले तोकिएबमोजिम पानी सुरक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नु पर्नेछ।

(४) नगरपालिका, उपभोक्ता संस्था र अनुमति-पत्र प्राप्त संस्थाले पानीको गुणस्तर कायम गर्न समुदाय तहमा पानी सुद्धिकरणका घरेलु बिधि सम्बन्धी चेतनामुलक कार्यक्रम संचालन गर्नु पर्नेछ।

**४७. <u>पानीको गुणस्तर जाँच गर्नु पर्ने</u> :** (१) नगरपालिकाले दफा ४६ बमोजिम गुणस्तर कायम भए नभएको जाँच गर्न आफै प्रयोगशाला स्थापना गरी वा अन्य तरिकाले गुणस्तर परिक्षणको व्यवस्था तथा गुणस्तर सुनिश्चितता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आफै प्रयोगशाला संचालन गर्न तत्काल सम्भव नभएमा नगरपालिकाले पानी परिक्षणका लागि खानेपानी सरसफाइ तथा स्वच्छता शाखामा तालिम प्राप्त जनशक्ति सहित पानी परिक्षण सम्बन्धी हाते बाकस (फिल्ड किट) को व्यवस्था गर्नेछ।

(३) नगरपालिकाले कम्तिमा ५० वटा धारा भएको उपभोक्ता संस्थालाई खानेपानीको गुणस्तर जाँच गर्न पानी परिक्षण हाते बाकस (फिल्ड किट) प्रदान गर्न सक्नेछ।

**४८. <u>नदी तथा ताल तलैयाको जल गुणस्तर मापदण्ड</u>**: सांस्कृतिक, धार्मिक, पर्यटकीय महत्वका क्षेत्र र बस्तीसँग जोडिएका वा विभिन्न स्थानमा रहेका नदी, ताल तलैया, पोखरी, जलाशय तथा कुण्ड वा कुवा र धाराहरुको वातावरणीय स्वास्थ्य र जलको गुणस्तरमा मानव सृजित वा मानवीय

आठबिसकोट नगरपालिका रुकुम (पश्चिम)

क्रियाकलापको कारण परिरहेको वा पर्न सक्ने प्रभाव न्यूनीकरण गरी स्वच्छता र सुन्दरता कायम राख्न नेपाल सरकार तथा प्रदेश सरकारले निर्धारण गरेका मापदण्ड समेतलाई आधार मानी नगरपालिकाले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ।

४९. **फोहोर पानी प्रशोधन गर्नुपर्ने**: (१) कसैले पनि नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले निर्धारण गरेको मापदण्ड विपरित मानव मलमुत्र सहित वा रहितको फोहोर पानी वा अन्य कुनै पनि प्रकारको ठोस वस्तु ढल निकास प्रणालीमा विसर्जन गर्न वा मानव मलमुत्रलाई सिधै नदी, खोला, ताल, तलैया, जलाशय वा सार्वजनिक/निजी जग्गामा मिसाउन वा पठाउन पाइने छैन।

(२) कसैले आफूबाट उत्सर्जित फोहोर पानी वा वस्तु ढल निकास प्रणालीमा मिसाउनु पर्ने भएमा प्रशोधन गरी प्रचलित कानून बमोजिम तोकिएको मापदण्डको सीमा भित्र रही मिसाउनु पर्नेछ ।

(३) नगरपालिकाले आफै वा उपभोक्ता संस्थाले नगरपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा फोहर पानी प्रशोधन गर्ने संरचना स्थापना र सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद १०

## कसूर तथा सजाय

५०. **कसूर र सजाय** : (१) कसैले देहायको कुनै काम गरे वा गराएमा यस ऐन अन्तर्गत कसूर गरेको मानिनेछ।

(क) यस ऐनले अनुमति लिनु पर्ने भनी निर्धारण गरेका कार्य बिना अनुमति गर्ने

(ख) खानेपानी सरसफाइ तथा स्वच्छता सेवा सम्बन्धी कुनै संरचनामा क्षति पुर्याएमा

(ग) यो ऐन तथा यस ऐन अन्तरगत बनेको नियम बमोजिम गर्नु पर्ने काम नगरेमा वा गर्न नहुने काम गरेमा।

(२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा देहाय बमोजिमको जरिवाना हुनेछ।

(क) उपदफा (१) (क) बमोजिमको कसूर गरेमा रु ५००० जरिवाना गरी अनुमति लिन आदेश गरिनेछ।

आठविसकोट नगरपालिका रुकुम (पश्चिम)

(ख) उपदफा (१) (ख) र (ग) बमोजिमको कसूर गरेमा क्षति बराबरको क्षतिपुर्ति सहित रु ५००० देखि १०००० सम्म जरिवाना गरिनेछ।

**५१. प्रचलित कानुन बमोजिम सजाय हुने**: संघीय खानेपानी तथा सरसफाइ ऐन २०७९ को दफा ४२, फोहोरमैला व्यवस्थापन ऐन २०६८ दफा ३८ र प्रचलित संघीय कानुनले कसुरको रुपमा निर्धारण गरेका कसुर गरेमा सोहि कानुन बमोजिम सजाय हुनेछ।

**५२. क्षतिपुर्ति भराई दिन सक्ने** : कसैले खानेपानी वा सरसफाइ आयोजना वा सेवा प्रणाली र त्यसको संरचनामा कुनै पनि प्रकारले हानी नोक्सानी वा क्षति पुर्याएमा मुद्दा हेर्ने अधिकारीले उचित रकम क्षतिपुर्ति बापत भराई दिन सक्नेछ।

**५३. अनुसन्धान अधिकारी:** यस ऐन अन्तरगत कुनै कसूर भएको उजुरी प्राप्त भएमा नगरपालिकाले कुनै अधिकृत स्तरको कर्मचारीलाई अनुसन्धान अधिकारीको रुपमा तोकी अनुसन्धान गराउन सक्नेछ।

**५४. कारवाही चलाउने तथा दण्ड जरिवाना गर्ने अधिकारी** : यस ऐन बमोजिम दण्ड जरिवाना गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ।

**५५. पुनरावेदन दिन सकिने** : दफा ५० गरेको जरिवानाको आदेश उपर चित्त नबुझ्ने व्यक्ति, वा संघ संस्थाले त्यस्तो आदेश भएको मितिले पैतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद ११

## विविध

**५६. अनुगमन तथा नियमन :** (१) नगरपालिकाले नेपाल सरकार वा प्रदेश सरकारसँगको समन्वयमा उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थाबाट आपूर्ति भएको खानेपानीको गुणस्तर तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवाको स्तरका बारेमा नियमित रुपमा अनुगमन गर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा नगरपालिकाको वातावरण र खानेपानी तथा सरसफाइ विषय हेर्ने पदाधिकारी वा सदस्य तथा अधिकृत वा तोकिएका कर्मचारीले उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थाद्वारा आपूर्ति गरिरहेको खानेपानी वा विसर्जन गरेको फोहोर पानीको नमूना संकलन तथा परीक्षण गर्न वा अन्य आवश्यक विवरण लिन वा माग गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमनका क्रममा नगरपालिकाले खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवाको स्तरमा सुधार गर्न आवश्यक देखेमा वा खानेपानी तथा फोहोरपानीको नमूना परीक्षण गर्दा गुणस्तर तथा मापदण्ड बमोजिम भएको नपाइएमा सम्बन्धित उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थालाई गुणस्तर तथा मापदण्ड कायम गर्न निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको निर्देशन पलना गर्नु सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ।

५७. **विवरण उपलब्ध गराउने**: (१) नगरपालिकाले प्रदेशको सम्बन्धित मन्त्रालय मार्फत वा सिधै देहायको विवरणहरु सम्बन्धित संघीय मन्त्रालय समक्ष वार्षिक रुपमा र आवश्यकता अनुसार उपलब्ध गराउने छ :

(क) खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको रुपमा रहेका उपभोक्ता संस्थाहरुको संख्या र सोबाट लाभान्वीत जनसंख्या।

(ख) अनुमतिपत्र प्रदान गरिएका संगठित संस्थाको संख्या र सोबाट लाभान्वीत जनसंख्या।

(ग) नेपाल सरकार वा प्रदेश सरकारले माग गरेका अन्य विवरणहरु।

(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिकामा खानेपानीको स्रोत र परिमाण, गुणस्तर, लाभान्वित क्षेत्र र खानेपानी तथा सरसफाइ प्रणालीका महत्वपूर्ण तथा मुख्य विषयहरु प्रष्ट रुपमा देखिने गरी राखिने छ।

(३) नगरपालिकाले उपदफा (२) बोजिम राखेको विवरणलाई अनुगमन र विश्लेषणका लागि उपयोग गर्न सकिने छ।

५८. **पर्यावरणीय अनुकुलन**: जलबायु उत्थानशिल दिगो खानेपानी निर्माणका लागि नगरपालिका स्तरबाट पर्यावरणीय अनुकुलन, पुर्नरभरण पोखरी, खाल्डो लगाएत जैविक विविधता अनुकुलन, बृक्षारोपण जस्ता क्रियाकलापहरुलाई प्रोत्साहन र संरक्षण गर्नु पर्नेछ।

५९. **आपतकालिन खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा** : आपतकालिन अवस्थामा नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको सुनिश्चितताका लागि प्राथमिकताका साथ कार्य गर्नेछ।

आठबिसकोट नगरपालिका रुकुम (पश्चिम)

**६०. पुरस्कार सम्बन्धी व्यवस्था**: खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघ संस्था वा समुदायलाई यस नगरपालिकाले आवश्यक सम्मान तथा पुरस्कारको व्यवस्था गर्न सक्नेछ।

**६१. अधिकार प्रत्यायोजन**: (१) नगरपालिकाको नगरप्रमुखले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार नगरउपप्रमुख वा कुनै सदस्य वा प्रशासकीय अधिकृत वा सम्बन्धित कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने छन्।

(२) यस नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी शाखा स्थापना नभएसम्म यस ऐन र सो अन्तर्गत तर्जुमा हुने नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बमोजिम गर्नुपर्ने कार्यहरु वातावरण शाखाबाट सम्पन्न गर्न सकिनेछ।

**६२. नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्ने**: यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ।

**६३. बचाउ तथा खारेजी** : नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता विषयमा यस अघि कार्यविधि वा अन्य आधारमा गरेका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ।

आठविसकोट नगरपालिका रुकुम (पश्चिम)